# रम्भा गाउँपालिकाको सुरक्षित घरवास कार्यक्रम संचालन कार्यविधि, २०८१

**कार्यापालिका वैठकवाट स्विकृत मिति:२०८२।०१।०४**

**प्रस्तावना :**

नेपालको संविधानको प्रदत नागरिकको मौलिक हक अर्न्तगत आवासको अधिकार अन्तर्गत उपर्युक्त सुरक्षित र वातावरण मैत्री आवासको अधिकारको सम्मान संरक्षण तथा परिपूर्ति गर्न गरिबिको रेखामुनी रहेको प्रकोपको कारण वा वसोवास गर्दै आइरहेको घर भत्केको वा विग्रेको कारण बसोवास गर्न अनुचित भइ घरबार विहिन भएका घर परिवारहरुको लागि सुरक्षित आवास निर्माण कार्यान्वयन गर्न वाञ्छनीय भएकोले रम्भा गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम: सुरक्षित घरआवास कार्यक्रम संचालन कार्यविधि २०८१ रहेको छ ।

(ख) यो कार्यविधि रम्भा गाउँपालिकाको कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले रम्भा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) " घरवार विहीन" भन्नाले रम्भा गाउँपालिका क्षेत्र भित्रका बसोबास गर्ने गाउँपालिकाका नागरिक जसको बस्नको लागि घर नभएको वा घर भएतापनि भत्केको वा विग्रेको कारण बस्न योग्य नभएको व्यक्ति वा निजको विपन्न् परिवारलाई सम्झनुपर्छ ।

(ग) "घरवास कार्यक्रम" भन्नाले प्रकोप, विपद, गरिवी वा अन्य जुनसुकै कारणले गर्दा आवास विहिन भएका नागरिकलाई प्रदान गरिने सुरक्षित आवासीय भवन सम्झनुपर्छ ।

(घ) लाभग्राही भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही लाई सम्झनु पर्दछ ।

(ड) लक्षित वर्ग भन्नाले पहिचान भएका प्रकोप तथा अन्य कारणले घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

## परिच्छेद २

## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

### ३. कार्यक्रम संचालन स्थान

(क) सुरक्षित घरवासका लागि आवास निर्माण कार्यक्रम रम्भा गाउँपालिकाको ५ वटै वडाहरुमा संचालन गरिनेछ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा सम्भव भए सम्म विपन्न परिवार तथा आफ्नो आवास आफै निर्माण गर्न नसक्ने वर्ग अन्तर्गत पर्ने व्यक्ति वा परिवारलाइ जोड दिइनेछ।

(ग) यस्ता स्थानमा आवास निर्माण गर्दा जग्गा जमिन भएकाहरुका लागि एकल आवास र जग्गा नभएकाहरुका लागि सामुहिक आवासको व्यवस्था गर्न प्राथमिकता दिने गरि निर्माण गरिनेछ।

### ४. सुरक्षित घर आवास अनुदान प्राप्त गर्नको लागि तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ।

१. सम्वन्धीत लाभग्राहीको निवेदन
२. सम्वन्धित लाभग्राहीको नागरीकता प्रतिलिपि
३. स्थायी वसोवास गरेको सिफारिस पत्र
४. जग्गाधनीको लालपुर्जा वा घर जग्गाको तिरो वा शुल्क वझाएको भए सो सम्वन्धी कागजात
५. सम्वन्धीत वडापालिकाको विपन्न रहेको सिफारीस
६. वडापालिका वैठकको विपन्न सिफारीस सम्वन्धी निर्णय माइन्युट
७. वडापालिकाको सिफारिस।

### ५. लाभग्राहीको छनौट प्रक्रिया :

(क) सुरक्षित घर आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेको सेवाग्राहीबाट अनुसुची २ बमोजिम ढाँचामा वडामा आवेदन दिन सक्नेगरी गाउँपालिकाबाट १५ दिनको सार्वजानिक सुचना जारी हुनेछ। तर यस आ.व.को लागी सम्वन्धीत वडापालिकावाट सुचना प्रवाह गरी वडापालिकाको वैठकवाट अनुमोदित लाभग्राहीहरू संग सम्झौता गरी घर आवास निर्माण गरि कार्यन्वयन गरिने छ। सम्वन्धीत वडामा स्थायीरूपमा बसोबास गर्दै आएको घर भत्केको बस्न नमिल्ने गरी बिग्रेको र आफै मर्मत गर्ने नसक्ने तथा घरवार विहिन भइ अन्यत्र आश्रय लिइ बसेका लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरु लाई पहिलो प्राथमिकता राखी कार्यक्रम संचालन गरिनेछ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट प्राथमिकताक्रम अनुसार सिफारिस भई आएको हुनु पर्नेछ।

(ग) उपदफा (ख) बमोजिमका आवास विहिन तथा घरवासमा समस्या भएका लक्षित घरपरिवारको लाभग्राही सुची सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको यकिन गरि कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० को उपदफा.(क) बमोजिमको समितिले कार्यपालिकामा सिफारीस गर्नेछ।

(घ) लाभग्राही छनौट गर्दा बृद्ध एकल महिला दलित विपन्न अनाथ बालबालिका अपाडंगता भएका तथा आर्थिक रुपले विपन्न घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ।

(ङ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरा सुविधा दिइनेछैन।

## परिच्छेद ३

## सम्झौता निर्माण तथा रकम निकासा सम्बन्धी

**६. सम्झौता:**

क) दफा ५ बमोजिम सुरक्षित घर आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागीहरुसंग अनुसुची १ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

ख) सम्झौता गर्ने गराउने तथा खर्च सम्बन्धी सम्पुर्ण जिम्मेवारी गाउँपालिकाको योजना तथा अनुगमन शाखाको हुनेछ।

**७. निर्माण कार्य र लागत सहभागिता :**

क) लाभग्राही र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराइएको डिजाईन इस्टिमेट बमोजिमको ढाँचामा घर निर्माण गर्नुपर्नेछ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागत गाउँपालिकाले सम्झौता गरे बमोजिम  हुनेछ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नुपर्ने भएमा गाउँपालिकाको पुर्व स्विकृत लिनुपर्नेछ।

घ) उपदफा (क) बमोजिमको निर्माणको लागि प्राविधिक तथा आर्थिक सहयोग रम्भा .गाउँपालिकाबाट गराइनेछ।

**८. अन्य निकायले सहयोग गर्ने :**

(क) सुरक्षित घरवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा प्रस्तावना योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ।

(ख) सुरक्षित घरवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था देश दातु निकायसंग समन्वय र सहकार्य गरिनेछ।

(ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिका सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ।

**९. रकम निकासा :**

क) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा वैक खाता खोल्नु पर्नेछ।

ख) सुरक्षित घर वासका लागि उपलब्ध गराइनेछ अनुदान रकम गाउँपालिकाले निर्णय गरे बमोजिम प्रति आवास (प्रति परिवार रु ४,००००० ( चारलाख रूपैया)  सम्म हुनेछ।

ग) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैक मार्फत दूई किस्तामा रकम उपलब्ध गराउनेछ । गाउँपालिका र लाभग्राही विच सम्झौता भइ काम शुरू भएको जानकारी पश्चात गाउँपालिकावाट दिइने अनुदानको ४० प्रतिशत प्रथम किस्ता अनुदान दिइने छ र वाकि किस्ता कार्यसम्पन्न प्रतिवेदन पश्चात सम्वन्धीत लाभग्राहीको खातामा निकासा गरिने छ ।

घ) कुनै लाभग्राहीले विशेष कारणबस निर्माण कार्य सम्पन्न गर्न नसकेमा कार्यको मुल्यांकन गरि उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ ।

## परिच्छ ४

## समिति सम्बन्धी व्यवस्था

### १०. गाउँ स्तरिय सुरक्षित घरवास छनौट तथा कार्यान्वन समिति

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय व्यवस्थापन अनुगमन मुल्यांकन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित घरवास छनौट तथा कार्यान्वयन समिति रहनेछ ।

१. ) गाउँपालिका उपाध्यक्ष- संयोजक

३) प्रमुख प्रशासकिय अधिकृत सदस्य

३) गाउँकार्यपालिकाबाट मनोनित १ जना महिला सहित २ जना सदस्य

४) पूर्वाधार विकास शाखा प्रमुख- सदस्य सचिव

ख) गाउँ स्तरिय घरवास छनौट तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

ग) प्राप्त दरखास्तहरुबाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनिको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको सुची गाउँकार्यापालिकाको वैठकमा पेश गर्न लगाउने ।

ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने

च) कुनै कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्यांकन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

छ) सुरक्षित घरवास निर्माण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरु सँग समन्वय सहकार्य गरी योजना माग गर्ने ।

ज) योजना शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न गराउन लगाइ कार्यक्रम कार्यान्वयन गर्ने।

झ) आवश्यक अनुसार अनुगमन मुल्यांकन गरी सोको प्रतिवेदन तयार गर्ने।

**परिच्छद ५**

**११** लाभग्राहीले निर्माण गर्ने घरवासको डिजाइन इस्टिमेट अनुसुची ३ वमोजिम हुनेछ। लाभग्राहीले अनुसुची ३ मा उल्लेखित डिजाइन र इस्टिमेट अनुसार घर निर्माण गर्नुपर्नेछ। यदि कुनै कारणवंश डिजाइन इष्टिमेटमा परिवर्तन गर्नुपर्ने अवस्था सृजना भएमा पुर्वाधारशाखाको राय पर्रामर्श र गाउँपालिकाको स्विकृतीमा मात्र डिजाइन इष्टिमेटमा परिवर्तन गर्न सकिनेछ।

**परिच्छद ६**
**विविध**

**१२. बेच बिखन गर्न नपाउने**

लाभग्राहीले  निर्माण सम्पन्न भएको आवास आफ्नो बसोबासका लागि प्रयोग गर्नेछ। उक्त निर्माण भएको  घरआवास बेचबिखन तथा कसैको नाममा नामसारी हस्तात्ररण समेत   गर्न पाउने छैन। यसरी माथि उल्लेखित शर्तहरू उल्लघन गरेको प्रमाणित भएमा प्रचलित नियम तथा रम्भा गाउँपालिका निर्णय वमोजिम कारवाहि हुनेछ।

**१२. कारबाही हुने :**

सुरक्षित घरवास कार्यक्रमबाट लाभान्वित हुने उदेश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाकि सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**१३. बचाउ :**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

ख) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित घरवास कार्यान्वयन कार्यविधि २ ०८१ संशोधन सहितलाई मुल आधार मानिने छ।

ग) यस कार्यविधिको व्याख्या संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

## अनुसुची १
## सम्झौतापत्र

विपन्न परिवारलाइ सुरक्षीत घरवास निर्माण गर्नकोलागी रम्भा गाउँपालिका वडा नं............. स्थायी वसोवासी श्री..................... ( यस पछि प्रथम पक्ष भनिने) र रम्भा गाउँपालिका पिपलडाँडा ( यस पछि दोस्रो पक्ष भनिने ) वीच देहाय वमोजिमका शर्तहरूको अधिनमा रहि सुरक्षीत घरवास निर्माण गराउन यो अनुदान सम्झौता पत्रमा सहि छाप दस्तखत गरेका छौ ।

**तपशिल**

क. कुल लागत रू ४,३५०००।
ख. गाउँपालिका . अनुदान रू ४०००००
ग. लाभग्राहीको सहभागिता रू ३५०००।

४. प्रस्तावित निर्माण कार्य अवधि :

क) शुरु हुने मिति :

ख) सम्पन्न हुने मिति :

**प्रथम पक्षले मञ्जुर गरेका शर्तहरु :**

क. म विपन्न परिवार भएको ठीक साँचो हो । मैले सुरक्षित घरआवास कार्यक्रम संचालन कार्यविधि २०८१ एवं सम्झौता पत्रमा उल्लेखित शर्त अनुरूप घर निर्माण गर्ने छु ।
ख. रम्भा गाउँपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा घर निर्माण गर्नेछु ।
ग. निर्माण सामाग्री खरिद गर्ने डकर्मी सिकर्मी प्लम्वर इलेक्ट्रिसियन र अन्य निर्माण कार्य गर्ने निर्माण गर्ने श्रमिक जुटाउने काम मेरो जिम्मेवारी रहने छ ।
घ. सुरक्षीत घरवासको लागी कुल लागत ४,३५०००। ( चार लाख पैतिस हजार ) हुनेछ जसमा कुल लागतको ८ प्रतिशत मेरो लागत सहभागीता रहने छ ।
ङ. मैले तोकिएको गाउँपालिकाले तोकेको वैकमा खोलिएको खाता मार्फत अनुदान रकम प्राप्त गर्ने छु ।
च. मैले पहिलो किस्ता वाफत दिइने अनुदानको ४० प्रतिशत रकम प्राप्त गर्नेछु सो रकम निर्माण सामाग्री खरिद र घर निर्माण कार्य अघि वढाउने कार्यकोलागी खर्च गर्नेछु ।
छ. वाकि दोस्रो किस्ता ६० प्रतिशत अनुदान प्राविधिक कार्यसम्पन्न मुल्यांकन भएपश्चात र तोकिएको विल भर्पाइ तथा अन्य विवरण पेश भए पश्चात मात्र प्राप्त गर्नेछु ।
ज. मैले सम्झौतामा तोकिएको अवधी भित्र घर निर्माण गर्नेछु ।तोकिएको अवधि भित्र सम्पन्न गर्न नसकेमा प्रचलित कानुन वमोजिम प्रकिया अगाडी वढाउन म मञ्जुर हुनेछु ।
झ. माथि उल्लेखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे प्रचलित कानुन वमोजिम सँहुला ।

**दोस्रो पक्षले मञ्जुर गरेका शर्तहरू:**

क. घरवास निर्माणको लागी स्विकृत कार्यविधि वमोजिम डिजाइन इस्टिमेट प्रथम पक्षलाइ उपलव्ध गराउनेछ ।

ख. निर्माणधीन घरको निरन्नतर प्राविधिक सहयोग प्रथम पक्षलाइ उपलव्ध गराउनेछ ।

ग. सम्झौतामा उल्लेख गरेवमोजिम प्रथम पक्षवाट शर्तहरू पुरा गरेको अवस्थामा तोकिए वमोजिमको घरवास अनुदान प्रथम पक्षको वैक मार्फत उपलव्ध गराउने छ ।

घ. यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रथम पक्ष (लाभग्राही)**

नामः

ठेगानाः

ना.प्र.नं.

सम्पर्क नः

**दोस्रो पक्ष**

नामः

पदः

कार्यालय

सम्पर्क नः

**साक्षि**

नामः

पदः

कार्यालय

**अनुसुचि २**

**दफा ५ (क) सँग सम्बन्धित**

**लाभग्राहीले दिने निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

रम्भा गाउँपालिकाको कार्यालय पाल्पा, जिल्ला।

विषय : सुरक्षित घरवास निर्माण सहयोग सम्बन्धमा।

म **इन्द्र वहादुर सिंजाली** रम्भा गाउँपालिका **वडा नं २** फोकिसिङकोट माथिल्लो झोकेदि टोलमा स्थायी बसोवास गरिरहेको र मेरो बसोबास गरिरहेको घर बिग्रेर भत्केर बस्न योग्य नभएको/ घर नभएको कारण घरवारविहिन भएको र मेरो आर्थिक अवस्था कमजोर रहेकोले घर निर्माण गर्न नसक्ने भएको हुँदा गाउँपालिकाबाट सञ्चालित घरवास कार्यक्रम अन्तर्गत घर निर्माण कार्यमा समावेश गराई मेरो कि. न. क्षेत्रफलमा रहेको जग्गामा/ सामुहिक घरमा बस्ने गरी घरनिर्माण लागि सहयोग दिनुहुन निवेदन गर्दछु।

**संलग्न कागजातहरु (भएकामा मात्र चिन्ह लागाउनु होस )**

१) नेपाली नागरिकताको प्रतिलिपी।

२) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण।

३.) वडापालिकाको सिफारीस

३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफु विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको, प्रकोप वा अन्य कारण घरवारविहिन भएको वा घर वा जग्गा दुवै नभएको सम्बन्धित वडाको लाभ ग्राही सिफारिस पत्र।

निवेदक

नाम थर : ......................

ठेगाना : ..........................

दस्तखत ..............

## अनुसुची ३